मेचीनगर राजपत्र

मेचीनगर नगरपालिकाद्वारा प्रकाशित

खण्ड:४ असार २७ गते २०७८ साल संख्या: २

भाग १

संवत् २०७८ सालको ऐन नं. २

मेचीनगर नगरपालिका विनियोजन ऐन

नगर सभाबाट स्वीकृत मिति : २०७८/०३/२५

प्रमाणीकरण मिति : २०७८/०३/२७

प्रमाणीकरण गर्नेको नाम र पद : नगर प्रमुख श्री बिमल आचार्य

हस्ताक्षर :.....

प्रस्तावना:

मेचीनगर नगरपालिकाको आर्थिक वर्ष २०७८/२०७९ को सेवा र कार्यहरुको लागि संचित कोषबाट केहि रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले, नेपालको संविधान धारा २२९ को उपधारा (२) बमोजिम मेचीनगर नगरपालिकाको नगर सभाबाट यो ऐन जारी भएको छ।

१.संक्षिप्त नाम र प्रारम्भ

(क) यसको नाम "मेचीनगर नगरपालिका विनियोजन ऐन २०७८" रहेको छ।

(ख) यो ऐन नगर सभाबाट स्वीकृत भएपछि २०७८ साल श्रावण १ गते देखि प्रारम्भ हुनेछ।

२. परिभाषा

(क) "नगर सभा" भन्नाले मेचीनगर नगरपालिकाको नगर सभालाई सम्झनु पर्दछ।

(ख) "कार्यपालिका" भन्नाले मेचीनगर नगरपालिकाको नगर कार्यपालिकालाई सम्झनु पर्दछ।

(ग) "वडा कार्यालय" भन्नाले मेचीनगर नगरपालिकाको वडा कार्यालयलाई सम्झनु पर्दछ।

(घ) "विषयगत शाखा" भन्नाले मेचीनगर नगरपालिका अन्तर्गतको शाखा, उपशाखा, सेवा केन्द्र तथा अन्य प्रशासनिक इकाई समेतलाई सम्झनु पर्दछ ।

(ङ) "सञ्चित कोष" भन्नाले मेचीनगर नगरपालिकाको सञ्चित कोषलाई सम्झनु पर्दछ ।

३. सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार

आर्थिक वर्ष २०७८/०७९ को मेचीनगर नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, वडा कार्यालय, विषयगत शाखा, उपशाखा तथा सेवा केन्द्रले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लेखित चालु खर्च, पुँजीगत खर्च र वित्तीय व्यवस्थाको रकम समेत गरी जम्मा रु.१,५३,६३,२९,३५४|- (अक्षरेपी रु. एक अर्ब त्रिपन्न करोड त्रिसट्ठी लाख उन्तिस हजार तीन सय चौवन्न मात्र) मा नबढाई निर्दिष्ट गरिए वमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ ।

४. विनियोजन

यस ऐनद्वारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७८/०७९ को मेचीनगर नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, वडा कार्यालय र विषयगत शाखा, उपशाखा वा सेवा केन्द्रले गर्ने सेवा र कार्यहरुको लागि स्वीकृत खर्च शीर्षकमा रकम विनियोजन गरी खर्च गरिनेछ ।

५. रकमान्तर

(क). नगर कार्यपालिकाले आवश्यक भएमा एक खर्च शीर्षकको रकम अर्को खर्च शीर्षकमा रकमान्तर गर्न सक्नेछ | यसरी रकमान्तर गर्दा एक खर्च शीर्षक बाट सो खर्च शीर्षकमा विनियोजन भएको कुल रकमको २५ प्रतिशत भन्दा बढी हुनेछैन ।

(ख). २५ प्रतिशत भन्दा बढी रकम रकमान्तर गर्नुपर्ने अवस्था भएमा नगर सभाको स्वीकृति लिनु पर्नेछ ।

(ग). पुँजीगत खर्चबाट चालु खर्चमा कुनै पनि रकममा रकमान्तर गर्नुहुने छैन ।

(घ). वित्तीय व्यवस्थाको रकम रकमान्तर गर्न पाइने छैन ।

६. श्रोतान्तर

कुनै खर्च शीर्षकको लागि स्वीकृत भएको श्रोत अनुसारको रकम श्रोतान्तर गर्नुपर्ने भएमा विनियोजित रकमको २५ प्रतिशत सम्म कार्यपालिकाले श्रोतान्तर गर्न सक्ने र सो भन्दा बढी रकम श्रोतान्तर गर्नु परेमा नगर सभाको स्वीकृति लिनु पर्नेछ ।

अनुसूची १ (दफा ३ संग सम्बन्धित)

मेचीनगर नगरपालिका

आ.व. २०७८/०७९

संचित कोषबाट बिनितोजित हुने रकम

क्र. सं.	अनुदान	शिर्षकको नाम	चालु खर्च	पुजीगत खर्च	वित्तीय व्यवस्था	जम्मा
१	संघीय सरकार	राजस्व बाडफाड		१४५८६०००.००		१४५८६०००००१००
२		वित्तीय सामानीकरण		२६५८०००००.००		२६५८००००००१००
३		सशर्त अनुदान	३७५१००००००.००	८६९०००००.००		४६२०००००००१००
४		बिशेष अनुदान		१६६००००००.००		१६६००००००१००
५		सम्पुरक अनुदान		२०८००००००.००		२०८००००००१००
६	प्रदेश सरकार	वित्तीय सामानीकरण		१६०३७०००.००		१६०३७०००००१००
७		राजस्व बाडफाड		१६४१०२९०.००		१६४१०२९०१००
८		सशर्त अनुदान		१००५०००००.००		१००५०००००१००
९		सम्पुरक अनुदान		१००००००००.००		१००००००००१००
१०	स्थानीय तह	आन्तरिक श्रोत	१७४१३०००००.००	९८६४२०६४.००		२७२७७२०६४१००
११		मौज्दात रकम		३००००००००.००		३००००००००१००
जम्मा			५४९२३००००१००	९८७०९९३५४.००		१५३६३२९३५४१००

आज्ञाले,

खेमराज ओझा

प्रमुख प्रशासकीय अधिकृत